# गैर कानुनी ढंगवाट धितोपत्र सार्वजनिक निष्काशन नगर्न तथा सोमा लगानी नगर्ने वारे अत्यन्त जरुरी सूचना ।

धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा २७ ले संगठित संस्थाले आफूले निष्काशन गर्ने धितोपत्र निष्काशन गर्नु अघि बोर्डमा दर्ता गराउनु पर्ने स्पष्ट व्यवस्था गरेकोमा कतिपय जलविद्युत कम्पनीहरुले बोर्डमा दर्ता नगरी शेयरमा लगानी गर्न सार्वजनिक रुपमा सूचना प्रकाशित गरेको पाइएकोले यस सम्वन्धमा वोर्डको गम्भिर ध्यानाकर्षण भएको छ । यसरी धितोपत्र सम्वन्धी प्रचलित कानुन बमोजिमको प्रक्रिया पुरा नगरी सर्वसाधारण समक्ष धितोपत्र विक्री गर्ने कार्य गैरकानुनी भएकोले वोर्डमा दर्ता गरी विवरणपत्र प्रकाशन गरेर मात्र धितोपत्रको सार्वजनिक निष्काशन गर्न सम्वन्धित सम्पूर्ण सगठित संस्थाहरुलाई सूचित गरिन्छ ।

साथै यसरी गैरकानुनी ढंगवाट सार्वजनिक निष्काशन गरिएका धितोपत्रहरुमा लगानी गर्दा लगानीकर्ताहरुको लगानी जोखिममा पर्न सक्ने हुनाले यस्ता धितोपत्रहरुमा लगानी नगर्न नगराउनको लागि लगानीकर्तालाई सर्तक गराईन्छ। वोर्डले विगतमा यस्ता गैर कानुनी ढंगवाट सार्वजनिक रुपमा धितोपत्र निष्काशन गर्न लागेका संगठित संस्थाहरुलाई धितोपत्र निष्काशन गर्न रोक लगाएको र लगानीकर्ताहरुलाई समेत सर्तक गराइएको व्यहोरा समेत जानकारी गराईन्छ ।

**नेपाल धितोपत्र बोर्ड**
**जावलाखेल, ललितपुर ।**
**फोन नं. ०१५५४१०५७**